# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्ष:४१ | २०६५ चैत – २०६६ वैशाख | अङ्क :६


## ३३ औं दीक्षान्त समारोह सम्पन्न

काठमाडौं । त्रिभुवन विश्वविद्यालयले ३३औं दीक्षान्त समारोह बंगलादेशको बनानीस्थित नर्थ-साउथ युनिभर्सिटीका उपकुलपति प्रा.डा. हफिज जी.ए. सिद्दिकीको प्रमुख आतिथ्यमा वैशाख २५ गते सम्पन्न गरेको छ ।

उक्त अवसरमा शिक्षामन्त्री एवं त्रि.वि.का सहकुलपति रेणुकुमारी यादवले विभिन्न अध्ययन संस्थान र संकायको स्नातक तथा स्नातकोत्तर तहको परीक्षामा उत्कृष्टता हासिल गरेका तथा विद्यावारिधि तह उत्तीर्ण गरेका विद्यार्थी तथा



त्रि.वि.द्वारा आयोजित ३३ औं दीक्षान्त समारोहको मण्डपमा शिक्षामन्त्री, विशिष्ट अतिथि एवं त्रि.वि.का पदाधिकारीहरू । *(तस्वीरः त्रि.वि. सूचना शाखा. )*

२०६२ साल असार १४ गतेदेखि २०६३ साल जेठ मसान्तसम्म ट्रान्सक्रिप्ट लिइसकेका सेमेस्टर तथा वार्षिक परीक्षा प्रणालीअनुसार स्नातक र स्नातकोत्तर तह उत्तीर्ण गरेका ४४औं ग्रेसलिस्टमा परेका विद्यार्थीहरूका साथै २०६३ साल जेठ मसान्तसम्म विद्यावारिधि गरेका व्यक्तिहरूका लागि आयोजित सो दीक्षान्त समारोहमा १हजार ३सय ५३ जनाले भाग लिएका थिए ।

शोधार्थीहरूलाई पदक, पुरस्कार तथा उपाधि प्रदान गर्नुभएको थियो ।

समारोहमा प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' ले पठाउनुभएको सम्बोधन वाचन गरिएको थियो ।

सम्बोधनमा प्रधानमन्त्री एवं कुलपति प्रचण्डले कुनै पनि राष्ट्रको समृद्धिको कारण त्यस देशका नागरिकको ज्ञान, सीप र दक्षता हुन्छ भने त्यस्तो जनशक्तिको विकासमा विश्वविद्यालयको भूमिका सर्वथा महत्त्वपूर्ण हुन्छ भन्नुभएको छ ।

'उच्च प्राज्ञिक ज्ञान, सीप र दक्षतायुक्त नागरिक निर्माण गरेर मात्र राष्ट्रले सम्पन्नता र समृद्धि प्राप्त गर्न सक्तछ र यो भूमिका विश्वविद्यालयबाटै पूरा भएको संसारकै इतिहासले देखाएको छ' -उहाँले भन्नुभएको छ ।

(कुलपतिको सम्बोधनको पूर्णपाठ पृष्ठ ९ मा हेर्नुहोला)

यसअघि समारोहलाई शिक्षामन्त्री एवं सहकुलपति यादवले सम्बोधन गर्दै विश्वविद्यालयको समग्र विकासका लागि सरोकारवालाहरूबीच सुमधुर सम्बन्ध आवश्यक रहेको बताउनुभयो ।

उहाँले हड्ताल, धर्ना, घेराउ, आगजनीजस्ता ध्वंसात्मक कार्यले निश्चय नै उच्चशिक्षाको प्रवर्द्धन र संवर्द्धनमा मद्दत नपुग्ने बताउँदै भन्नुभयो-'हाम्रो आजको शैक्षिक संस्थाको समुन्नतिको पूर्वशर्तका रूपमा शैक्षिक संस्कारलाई शान्तिक्षेत्रमा रुपान्तरण गर्न आह्वानसमेत गर्दछु ।'

(सहकुलपतिको सम्बोधनको पूर्णपाठ पृष्ठ १० मा हेर्नुहोला)

यसैगरी दीक्षान्त समारोहका प्रमुख अतिथि बंगलादेशको नर्थ-साउथ युनिभर्सिटीका उपकुलपति प्रा.डा. हफिज जी.ए. सिद्दिकीले समारोहलाई सम्बोधन गर्दै त्रिभुवन विश्वविद्यालयको आकार र गौरवमय इतिहासको तुलनामा नर्थ-साउथ युनिभर्सिटी भर्खर १६ वर्षमात्र पुगेकोले आयुको हिसावले नयाँ र विद्यार्थी संख्या पनि ८ हजार ४सय मात्र भएकाले आकारमा पनि यो सानो नै भएको बताउनुभयो ।

*(बाँकी १५ पृष्ठमा)*

## सम्पादकीय

# त्रि.वि. दीक्षान्त समारोहले दिएको सन्देश

त्रिभुवन विश्वविद्यालयको ३३औं दीक्षान्त समारोह बंगलादेशको नर्थ-साउथ युनिभर्सिटीका उपकुलपति प्रा.डा. हफिज जी.ए. सिद्दिकीको प्रमुख आतिथ्यमा २०६६ वैशाख २५ गते सम्पन्न भएको छ। विगत करिब ४ वर्षदेखि विविध कारणले अवरुद्ध त्रि.वि.को दीक्षान्त समारोहमा यस वर्ष २०६२ साल असार १४ गते देखि २०६३ साल जेठ मसान्तसम्म ट्रान्सक्रिप्ट लिइसकेका ४४ औं ग्रेसलिस्टमा परेका स्नातक तहका २० हजार २ सय १२, स्नातकोत्तर तहका ४ हजार १ सय ९ र विद्यावारिधि तहका ३० गरी २४ हजार ३ सय ५१ विद्यार्थीहरू सम्बन्धित विषयको उपाधि पाउन योग्य ठहरिएकामध्ये १ हजार ३ सय ५३ जना उपस्थित भई सम्बन्धित विषयको उपाधि लिएका थिए।

प्रा.डा. सिद्दिकीले समारोहलाई सम्बोधन गर्नुहुँदै स्थापनाको ५० औं वर्ष पुगेको त्रि.वि.को आङ्गिक क्याम्पसमा हाल १ लाख ७२ हजार र सम्बन्धन प्राप्त क्याम्पसमा १ लाख ३९ हजार विद्यार्थी अध्ययनरत रहेका कारण यसको आकार विश्वको ठूलो विश्वविद्यालयमध्येकै एक भइसकेको बताउँदै गौरवमय इतिहास बोकेको यो विश्वविद्यालयको तुलनामा १६ वर्ष अगाडि मात्र स्थापना भएको बंगलादेशको नर्थ-साउथ युनिभर्सिटीको विद्यार्थी संख्या निकै कम अर्थात् ८ हजार ४ सय मात्र भए तापनि विश्वव्यापी रूपमा यसले पनि छुट्टै नाम राख्न सफलता प्राप्त गरेकोले दुई विश्वविद्यालयबीच शैक्षिक, प्राविधिक तथा प्रशासनिक दक्षता आदान-प्रदान गरेर विकास निर्माणमा अगाडि बढ्नु पर्ने कुरामा जोड दिनु भएको थियो।

कुनै पनि राष्ट्रको समृद्धिको कारण त्यसका नागरिकको ज्ञान, सीप र दक्षता हुन्छ भने यस्तो जनशक्तिको विकासमा विश्वविद्यालयको भूमिका सर्वथा महत्वपूर्ण हुन्छ । विद्यार्थीले प्राप्त गरेको ज्ञान, सीप र प्रविधि देशको सम्पत्ति बन्न सकोस्, विश्वविद्यालयको समग्र विकासको लागि सरोकारवालाहरूका बीचमा सुमधुर सम्बन्ध राख्दै हड्ताल, धर्ना, घेराउ, आगजनी जस्ता ध्वंसात्मक कार्यले निश्चय नै उच्च शिक्षाको प्रवर्द्धन र सम्बर्द्धनमा मद्दत पुग्दैन, अतः हाम्रो आजको शैक्षिक संस्थाको समुन्नतिको पूर्वशर्तका रूपमा शैक्षिक संस्कारलाई शान्तिक्षेत्रमा रूपान्तरण गर्नु पर्नेमा जोड दिनु आजको आवश्यकता हो।

त्रि.वि. को ५० औं स्वर्ण महोत्सव भव्य रूपमा वर्षभरि मनाउने क्रममा उपकुलपति, शिक्षाध्यक्ष तथा रजिस्ट्रारबाट सम्बोधन भएअनुसार भावी योजना, नीति तथा कार्यक्रमहरू मनाउने, शैक्षिक गुणस्तर सुधार गर्ने, शैक्षिक गुणस्तर सुधार गर्न विद्याथीहरूबाट शुल्क बृद्धि गर्ने, आर्थिक संकटको व्यवस्थापन गर्ने, प्रशासनिक सुधार गर्ने, विकेन्द्रीकरण, स्वायत्ततामा जाने, पाठ्यक्रम सुधार गर्ने, परीक्षा सुधार गर्ने, आर्थिक पारदर्शी गर्ने, आधुनिक शैक्षिक उपकरणहरूको व्यवस्था गर्ने, उच्चशिक्षामा विश्वव्यापीकरणमा प्रवेश गर्ने, सूचना प्रविधिको विकास गर्ने, सी.सी.टि.भी. जडान, एफ.एम.रेडियो, टेलिभिजन कार्यक्रम आदि संचालन गर्ने, एम.फिल र पीएच. डी. कार्यक्रम सुदृढ गर्ने, त्रि.वि. ऐन, नियम र नीतिमा परिमार्जन गर्ने आदि विषयले त्रि.वि.को विकास, उन्नति, प्रगतिको मार्गमा अगाडि बढ्न सक्ने यथेष्ठ योजनाहरू तर्जुमा हुने कुरामा अबका दिनहरूले अंगीकार गर्न सक्नेमा विश्वास लिन सकिन्छ।

त्रि.वि. दीक्षान्त समारोहमा प्रधानमन्त्री एवं त्रि.वि.का कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड' ले पठाउनुभएको सम्बोधन वाचन गरिएको थियो। शिक्षामन्त्री एवं त्रि.वि.का सहकुलपति रेणुकुमारी यादव, त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा, शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य, रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारी, अध्ययन संस्थान र संकायका डीनहरूले कार्यक्रम व्यवस्थित ढंगबाट सञ्चालन तथा मन्तव्य व्यक्त गर्नुभएको थियो।

त्रि.वि.को यस ऐतिहासिक दीक्षान्त समारोहले दिएको महत्वपूर्ण सन्देशले विद्यार्थीहरूले प्राप्त गरेको ज्ञान, सीप, विवेक, वुद्धि, कला, प्रविधिले देश र जनताको सेवामा समर्पित भएर लाग्नेछन् भन्ने विश्वास भरोसा गर्न सकिने आधार सृजना भएको छ।

# सेवाकालीन तालिम सम्पन्न

काठमाडौं । त्रि.वि. आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेडा) र त्रि.वि. जनशक्ति विकास तथा कल्याण परिषद्द्वारा त्रि.वि.का कर्मचारीहरूका लागि संयुक्तरूपमा आयोजित दुई हप्ते सेवाकालीन तालिम कार्यक्रम वैशाख २१ गते सम्पन्न भएको छ ।

तालिमले कर्मचारीको मानसिक क्षमता बढाउने र ज्ञानलाई पुनर्ताजगी गराउने भएकाले यसको ठूलो मत्त्व छ भन्नुभयो।

त्रि.वि. जनशक्ति विकास तथा कल्याण परिषद्का सदस्य सचिव एवं समन्वय महाशाखाका प्रमुख भोलाप्रसाद ढकालले केन्द्रीय कार्यालय र क्याम्पसमा



**रजिस्ट्रार प्रा.डा.भीमराज अधिकारी तालिम कार्यक्रमका सहभागीहरूलाई प्रंमाणपत्र वितरण गर्नुहुँदै ।** *(तस्वीरः त्रि.वि. सूचना शाखा)*

गत वैशाख ६ गते प्रारम्भ भएको तालिममा त्रि.वि. विभिन्न क्याम्पस र कार्यालयमा कार्यरत प्रशासन प्रमुख तथा लेखापालको सहभागिता रहेको थियो ।

समापन समारोहमा त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

समारोहलाई सम्बोधन गर्दै रजिस्ट्रार प्रा.डा. अधिकारीले त्रि.वि.ले हाल सामना गरिरहेको आर्थिक कठिनाइलाई हटाउन त्रि.वि.का देशभरि छरिएर रहेका सबै क्याम्पस, कार्यालयका शिक्षक तथा कर्मचारीको सहयोग आवश्यक रहेको बताउनुभयो ।

सेडाका कार्यकारी निर्देशक भरत पोखरेलले सभापतिको आसनबाट बोल्दै गरिने प्रशासन प्रमुखको काम र दायित्व फरक हुन सक्ने र समस्या पनि भिन्ना भिन्नै खालका हुन सक्ने भएकाले त्यस्ता समस्या निराकरणका लागि यस प्रकारको तालिम सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमको प्रारम्भमा प्रशासन प्रमुखतर्फका तालिम संयोजक राधेश्याम आचार्य र लेखापालतर्फका तालिम संयोजक श्रीमती शकिला सिंहले कार्यक्रमबारे प्रकाश पार्नुभएको थियो भने सहभागीका तर्फबाट केन्द्रीय प्रविधि क्याम्पस धरानका गोविन्दमान श्रेष्ठ र महाराजगंज क्याम्पसका वसन्तकुमार श्रेष्ठले तालिमको अनुभव सुनाउनुभएको थियो । कार्यक्रममा सेडाका सहायक प्रशिक्षक श्रीमती कमला वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# त्रि.वि. को प्रेस विज्ञप्ति

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यलाई २०६६ साल वैशाख ९ गते बुधबार अ.ने.रा.स्व.वि.यु. (क्रान्तिकारी) सम्बद्ध केही व्यक्तिहरुले शुल्क वृद्धिका बहानामा दुर्व्यवहार गरी कालोमोसो दल्ने र हातपातको समेत प्रयास गरी अमानवीय व्यवहार गरेको विरूद्धमा त्रि.वि.ले एक प्रेस विज्ञप्ति जारी गरेको छ। यसको पूर्ण विवरण यस प्रकारका छन्:

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्य पूर्वनिर्धारित कार्यक्रम अनुसार शिक्षा विकास तथा प्रशासन अनुसन्धान केन्द्र (सेरिड) मा कोलम्बियाका राजदूतसँग भेटघाट एवं परामर्श गरी फर्कने क्रममा बीच बाटोमा नै आकस्मिक रूपले अ.ने.रा.स्व.वि.यू. (क्रान्तिकारी) सम्बद्ध केही व्यक्तिहरूले शुल्क वृद्धिको बहानामा दुर्व्यवहार गरी कालोमोसो दल्ने र हातपातको समेत प्रयास गरी अमानवीय व्यवहारमा उत्रिएर व्यक्तिगत मर्यादा माथि पनि आघात पुग्ने गरी अभद्र एवं अराजकतापूर्ण व्यवहार हुनु विश्वविद्यालयको इतिहासमा नै पहिलो अप्रिय एवं अमर्यादित घटना मिति २०६६ साल बैशाख ९ गते बुधवार भएको हो ।

यस प्रकारको अराजक घटनाले विश्वविद्यालय सम्बद्ध सम्पूर्ण शिक्षाविद् एवं प्राज्ञिक समुदायलाई स्तब्ध बनाएको छ। यस प्रकारको निन्दनीय एवं अपराधिक घटनाप्रति हामी घोर भर्त्सना तथा खेद प्रकट गर्दछौं, साथै यस्तो निन्दनीय एवं आपराधिक क्रियाकलापमा संलग्न दोषीमाथि कडाभन्दा कडा कारवाही गर्न सम्बद्ध निकायसँग जोडदार अपिल गर्दछौं।

यसै गरी उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यलाई कालोमोसो दलेको कार्यको विरोधमा त्रि.वि. प्राध्यापक संघ, नेपाल प्राध्यापक संघ, विद्यार्थी संगठनहरू, कर्मचारी संगठनहरूले समेत छुट्टा छुट्टै विज्ञप्ति जारी गर्दै भर्त्सना गरेका छन् ।

# त्रि.वि.का उच्च पदस्थ कर्मचारीहरुद्वारा खेद प्रकट

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यलाई अखिल (क्रान्तिकारी) का विद्यार्थीहरूले अत्यन्त लज्जास्पद र निन्दनीय तरिकाले बाटोमा हिडिरहेको अवस्थामा कालोमासो दल्ने कार्यप्रति त्रि.वि. का महाशाखाका प्रमुखहरू तथा उच्च पदस्थ कर्मचारीहरूले खेद प्रकट गर्दै एक विज्ञप्ति जारी गरेका छन् । विज्ञप्तिको पूर्णविवरण यस प्रकार छः

त्रिभुवन विश्वविद्यालयका सम्मानीत पदाधिकारीहरू श्रीमान् उपकुलपतिज्यू र श्रीमान् शिक्षाध्यक्षज्यूलाई अखिल क्रान्तिकारीका विद्यार्थीहरूले मिति २०६६।१।९ गते अत्यन्त लज्जास्पद र निन्दनीय तरिकाले बाटोमा हिडिरहेको अवस्थामा गरेको कालोमोसो दल्ने कार्यप्रति हामी तपसिलमा उल्लेखित त्रि.वि.का महाशाखा प्रमुखहरू तथा उच्च पदस्थ कर्मचारीहरूको गम्भीर ध्यानाकर्षण भएको छ ।

त्रि.वि.सँग सम्बन्धित जुनसुकै पक्षले आफ्ना मागहरूलाई सभ्य र सुसंस्कृत ढंगबाट प्रस्तुत गरी वार्ताको माध्यमबाट पूरा गराउन सक्ने विश्वव्यापी परम्परा र मान्यता हुँदाहुँदै सो विपरित गई कुसंस्कृतिको परम्परा बसाल्ने कुचेष्टा गरिएको प्रति भर्त्सना गर्दछौं ।

परीक्षा शुल्क वृद्धिको सन्दर्भलाई लिई भएको उक्त घटनामा उपकुलपतिज्यू र शिक्षाध्यक्षज्यूलाई कालोमोसो दल्ने जस्तो अभद्र कार्य गरिएकोमा हामी स्तब्ध भएका छौं। अतः प्रस्तुत सन्दर्भमा त्रि.वि.का उच्च पदस्थ सबै पदाधिकारीज्यूहरूले घटनाको गम्भीररूपमा मनन गरी यस प्रकारका अभद्र व्यवहारको संयुक्त र सशक्तरूपले सामना गर्नका लागि सहमति र सहकार्यको माध्यम अपनाइ त्रि.वि.को गरिमा र मर्यादालाई अक्षुण्ण राख्ने वातावरण बनाइ राख्न पनि हार्दिक आग्रह गर्दछौं ।

विज्ञप्ति जारी गर्नेको पूर्ण विवरण नाम, पद र हस्ताक्षर यस प्रकार छः


पेज नं २
क्र.सं. नाम थर पद हस्ताक्षर

# त्रि.वि.को वर्तमान स्थिति, कर्मचारीहरूको दायित्व र त्रि.वि. प्रशासनको धारणा

ज्ञान बहादुर महर्जन

नेपालको उच्च शिक्षा विकासको पृष्ठभूमिमा त्रिभुवन विश्वविद्यालयको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसमा पनि सबभन्दा पहिलो विश्वविद्यालय भएकोले यसको आफ्नै छुट्टै पहिचान एवं गौरवशाली इतिहास रहेको छ । त्रिभुवन विश्वविद्यालयले उच्चशिक्षा पठन-पाठन गरी दक्ष जनशक्ति उत्पादनमात्र नभइ प्राज्ञिक एवं कुशल कर्मचारीहरूको जनशक्ति विकास गर्ने काममा पनि ठूलो टेवा पुऱ्याउँदै आएको पाइन्छ ।

यसै सन्दर्भमा-त्रिभुवन विश्वविद्यालयको संरचनालाई नियालेर हेर्दा त्रिकोणात्मक देखिन्छ । विद्यार्थी, शिक्षक, कर्मचारी यी तीन वर्गको संगमबाट त्रि.वि.को संचालन भएको हुँदा यिनीहरुबीच एक आपसमा गहिरो सम्बन्ध रहेको छ । यस किमिसको संरचनाबाट हुर्केको त्रिभुवन विश्वविद्यालयले पाँच दशक लामो आफ्नो आरोह अवरोह पार गरेको छ हेरौं ।

देशको राजनैतिक एवं राज्यसत्ताको परिवर्तित पृष्ठभूमिमा नयाँ गणतान्त्रिक नेपालको शुभारम्भ भइसकेको छ । यस महान् अभियानमा त्रिभुवन विश्वविद्यालयमात्र अलग रहन सक्तैन होला । हुन त नयाँ नेपालका कल्पनाकारहरू नै यसै विश्वविद्यालयबाट सृजित भएको हुन सक्छ । जे होस् देशको बदलिंदो रंगमंचमा त्रि.वि.लाई समय सापेक्ष प्रस्तुत गर्नु पर्ने साथै नयाँ अनुभूतिका साथ अगाडि बढाउनु पर्ने देखिन्छ ।

त्रि.वि. को वर्तमान स्थितिलाई नियालेर हेर्दा यस किसिमको रूपरेखा देखा पर्न सकिराखेको छैन । त्रि.वि.को यस भित्रको शैक्षिक प्रशासन, आर्थिक प्रशासन, कर्मचारी प्रशासन, सामान्य प्रशासन एवं क्याम्पस, विभाग, कार्यालयको विविध क्षेत्रमा सुधार हुन सकिराखेको छैन । नेपाली उखान जस्तो त्यही सियो त्यही धागो भैरहेको छ ।

यसको मूल कारण- नयाँ प्रविध अनुसार कार्यक्रम संचालन नहुनु, कुनै कसैको लेखाजोखा नहुनु, कामकाज र सयमको मूल्य मान्यता नहुनु, मूल्यांकन र अनुगमन नहुनु, सीप र शैलीको ख्याल नहुनु, उचित निर्देशन, तालिम, अवलोकन भ्रमण आदि नहुनुले गर्दा कमजोर मनस्थिति सृजना भइ पुरानो र नयाँ व्यवस्थापनको बीचमा अड्किएको देखिन्छ । जेठो विश्वविद्यालय,बुढो विश्वविद्यालयको रूपमा यथास्थिति मै कायम रहेको छ । एक्काइसौं शताब्दीमा पनि "कुवाको भ्यागुतो" झैं भएको छ त्रि.वि.को वर्तमान स्थिति । जसको कारणले पठन-पाठन, विद्यार्थी भर्ना, परीक्षा, दीक्षान्त, सेवा आयोगको काम कारवाही, संचयकोष, ऋण सापटी, सेवा पुरस्कार, नियुक्ति, बढुवा, पदोन्नति, पदस्थापन, अवकाश, निवृत्तिभरण, अध्ययन अनुसन्धान, शैक्षिक योजना, भ्रमण, कार्यालय व्यवस्थापन, भौतिक सम्पत्ति संरक्षण र लेखाजोखा, समय सापेक्ष पाठ्यक्रम, योजना तर्जुमा आदि निश्चित अवधि, सुव्यवस्थित र प्रतिस्पर्धात्मक रूपमा अगाडि लैजान सकिराखेको छैन ।

त्रिभुवन विश्वविद्यालयमा कार्यरत कर्मचारीहरूको दायित्वतर्फ हेर्दा केही सुधार गर्नुका साथै सबैले आ-आफ्नो जिम्मेवारीपूर्वक भूमिका निभाउनु पर्ने देखिन्छ । यसको लागि पदाधिकारीहरू र कर्मचारीहरूबीच कार्यदिशाको प्रवाहको मेल खानु पर्ने, पदीय दायित्वको सन्तुलन हुनु पर्ने, तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था हुनु पर्ने, सही मूल्यांकन, अनुगमनको सही तरिका हुनु पर्ने आदिको उचित व्यवस्था भएमा कर्मचारीहरूको मनोवल बढ्नुका साथै दायित्व पूरा गर्नेतर्फ अग्रसरता हुन जाने देखिन्छ । यस कार्यक्रमको लागि त्रि.वि.को धारणा परिवर्तन हुनुका साथै नयाँ नेपाल सुहाउँदो हुनु पर्ने देखिन्छ ।

त्रि.वि.को हाल भै राखेको टालटुल गरी झारा टार्ने प्रवृतिलाई समय सापेक्ष परिवर्तन, परिमार्जन गरी नयाँ कदम चाल्नु पर्ने हुन्छ । जसको लागि निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ :

१. तहगत, समूहगत, सेवागत, शिक्षक/कर्मचारीहरूको आवधिक लेखाजोखा गर्नु पर्ने ।
२. कार्य दक्षता, अनुकूल वातावरण, पदीय दायित्व अनुसार कार्य जिम्मेवारी दिने गर्नुपर्ने ।
३. इनाम, पुरस्कार, दण्ड, सजायको सही मूल्यांकन गर्नु पर्ने ।
४. तालिम, अवलोकन, भ्रमण, शैक्षिक योग्यता वृद्धि आदिको अवसर प्रदान गर्नु पर्ने ।
५. आधुनिक र व्यवस्थित तरिकाबाट कार्यालयको संरचना गर्नु पर्ने ।
६. कार्यालयको कार्यभार अनुसार दक्ष कर्मचारीहरूको व्यवस्था मिलाउनु पर्ने ।
७. समयानुकूल कर्मचारहिरूको सेवा र सुविधा मिलाउनु पर्ने ।
८. कार्यालय संचालनको तरिका समय सापेक्ष मिलाउनु पर्ने ।
९. पदाधिकारीहरूबाट कर्मचारीहरूलाई सही मार्गनिर्देशन हुनु पर्ने ।

माथिका ती कुराहरू हुन सकेमा त्रिभुवन विश्वविद्यालयको स्थिति सुधार भई नयाँ अनुभूति प्रदान गर्नुका साथै नयाँ नेपालको महान् गणतान्त्रिक अभियान संगसंगै हातेमालो गरेर अगाडि बढ्न सक्ने आशा गर्न सकिने छ ।

(लेखमा व्यक्त विचार लेखकको निजी हो)-सं.

# क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन चुनाव परिणाम

त्रिभुवन विश्वविद्यालयमा २०३६ सालको विद्यार्थीहरूको गौरबशाली विद्यार्थी आन्दोलनबाट प्राप्त अधिकारबाट स्थापित स्व.वि.यु. निर्वाचन विधिअनुसार २०६२ फागुन १६ गते पछिका यस पटकको स्व.वि.यु. चुनाव ऐतिहासिक महत्व बोकेको चुनाव हो ।

त्रिभुवन विश्वविद्यालयको ६० वटा आङ्गिक क्याम्पसहरूमा मिति २०६६ चैत्र ६ गतेदेखि चैत्र मसान्तसम्ममा सम्पन्न स्व.वि.यु. चुनावको घोषित परिणामको संक्षिप्त विवरण त्रि.वि. पदाधिकारीहरूको कार्यलय, सम्बन्धित क्याम्पस, विद्यार्थीहरू, विद्यार्थी कल्याण तथा खेलकुद शाखा र सूचना शाखाबाट संकलित गरी प्रस्तुत गरिएको छ ।

**उपत्यका भित्रका क्याम्पसहरू**

| क्याम्पसको नाम | मत संख्या | खसेको मत | | विजयी संगठन र नाम | प्यानल |
|---|---|---|---|---|---|
| १.विश्वविद्यालय क्याम्पस,कीर्तिपुर | १२९३५ | ७५७१ | क्रा. | सभापति-हिमाल शर्मा लगायत १३ जना विजय | ८ प्यानल ११ जना सभापति |
| | | | ने. | सह सचिव र सदस्य | |
| २.त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ८३४८ | ४५१९ | ने. | सभापति-विनयराज भट्ट लगयत प्यानल विजय | |
| ३.शंकरदेव क्याम्पस, पुतलीसडक | ७८१७ | ३९६८ | ने. | सभापति-शुभराम बस्नेत लगायत ७ जना | ६ प्यानल ७ सभापति |
| | | | अ. | सचिव र ७ जना सदस्य | |
| ४.पद्मकन्या बहुमुखी क्याम्पस,वागवजार | ४६५४ | १६४२ | ने. | सभापति- लालकुमारी पोखरेल (स्वस्तीका) लगायत प्यानल विजय | ५ प्यानल |
| ५.रत्नराज्यलक्ष्मी क्याम्पस,भृकुटीमण्डप | ८२०० | ४३०० | अ. | सभापति- राजकुमार राई लगायत प्यानल विजय | ११ प्यानल १३ सभापति |
| ६.नेपाल ल क्याम्पस,भृकुटीमण्डप | १५१७ | ११७४ | अ. | सभापति-गुणराज आचार्य लगायत प्यानल विजय | ५ प्यानल |
| ७.अमृत क्याम्पस,ठमेल | १८६९ | १५५८ | अ. | सभापति-कोमल वस्नेत,उपसभापति र सदस्य विजय | ४ प्यानल ६ सभापति |
| | | | क्रा. | सचिव, उप स. कोषा- ५ जना सदस्य | |
| ८.पब्लिकयूथ क्याम्पस,धोविचौर | ४२७६ | २१५५ | क्रा | सभापति-प्रकाशचन्द्र सापकोटा प्यानल विजय | ५ प्यानल |
| | | | ने | २ जना सदस्य | |
| ९.ललितकला क्याम्पस,भोटाहिटी | ६५४ | ३९५ | अ. | सभापति-लालकाजी लामा लगायत १० जना विजय | ३ प्यानल |
| | | | ने | उपसभापति | |
| १०.महेन्द्ररत्न क्याम्पस, ताहाचल | ८१५२ | ३४०९ | अ. | सभापति-अनिल रिजाल, उप सचिव, कोषाध्यक्ष ८ जना सदस्य विजय | ४ प्यानल ६ सभापति |
| | | | क्रा. | उपसभापति, सचिव र २ जना सदस्य | |
| ११.आयुर्वेद क्यापस,कीर्तिपुर | ८९ | ८९ | ने. | सभापति-सुरेन्द्र राय लगायत प्यानल विजय | ३ प्यानल |
| | | | अ. | उप सभापति | |
| १२.महाराजगंज क्याम्पस, महाराजगंज | ८३८ | ७८४ | ने. | सभापति-मनोज कु. पौडेल लगायत प्यानल विजय | २ प्यानल |
| १३.नर्सिङ क्याम्पस,महाराजगंज | ३७८ | ३६९ | अ | सभापति- आशा राई, कोषा, ३ सदस्य विजय | ३ प्यानल |
| | | | ने. | उपसभापति, सचिव,सहसचिव, ३ सदस्य | |
| १४.पुल्चोक क्याम्पस,पुल्चोक | १८१६ | १६५२ | अ. | सभापति-प्रकाश सापकोटा लगायत प्यानल विजय | ५ प्यानल |
| | | | ने | सदस्य १ जना | |
| १५.थापाथली क्याम्पस, थापाथली | १०२८ | ९३३ | क्रा. | सभापति-गोपाल रोकाय लगायत प्यानल विजय | ३ प्यानल |
| १६नेपाल कमर्श क्याम्पस,मीनभवन | ६८४२ | ३४६२ | अ. | वागी सभापति-तुलसी प्र.मैनाली लगायत प्यानल विजय | ४ प्यानल ५ सभापति |
| १७.सानोठिमी क्याम्पस,सानोठिमी | ३२५९ | २०८९ | क्रा. | सभापति, वीरेन्द्र वस्नेत लगायत प्यानल विजय | ५ प्यानल ६ सभापति |
| १८.भक्तपुर बहुमुखी क्याम्पस,भक्तपुर | १९८४ | १३६६ | (रो)क्रा | सभापति-हिमाली रानामगर, कोषाध्यक्ष र ४ सदस्य ।(अ)+ (रो.का.) संयुक्त विजय | ४ प्यानल ५ सभापति |
| | | | अ. | उप सभापति, सचिव, उपसचिव २ जना सदस्य | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९. जनप्रशासन क्याम्पस,जमल | निर्विरोध ९४८ | | ने | सभापति- कृष्णभण्डारी प्यानल-निर्विरोध | १ प्यानल |
| २०.पाटन संयुक्त क्याम्पस,पाटनढोका | ६३०० | ३०६९ | अ. | सभापति-झपेन्द्र खत्री लगायत १२ जना विजय | ६ प्यानल ९ सभापति |
| | | | क्रा | ३ जना सदस्य | |
| २१.विश्वभाषा क्याम्पस,भृकुटीमण्डप | | | | | |
| २२.सरस्वती ब.क्याम्पस,लैनचौर | २७१३ | १७२४ | क्रा. | सभापति विना मगर, उप स, सचिव ४ सदस्य=७ जना | |
| | | | ने+ अ=सं. | सह सचिव, कोषाध्यक्ष २ सदस्य ४ | |

## उपत्यका बाहिरका क्याम्पसहरू

| सि.नं. | क्याम्पसको नाम | | संगठनको नाम |
|---|---|---|---|
| १. | महेन्द्र ब.क्याम्पस, इलाम | स्थगित | |
| २. | मेची ब.क्याम्पस, झापा | ,, | |
| ३. | तेऱ्हथुम क्याम्पस, तेऱ्हथुम | ,, | |
| ४. | धनकुटा ब.क्याम्पस,धनकुटा | ,, | |
| ५. | पूर्वाञ्चल क्याम्पस, धरान | ,, | |
| ६. | महेन्द्र ब.क्याम्पस, धरान | ,, | |
| ७. | केन्द्रीय प्रविधि क्याम्पस,धरान | ,, | |
| ८. | सू. स.मो.या.क्याम्पस, सिराहा | ,, | |
| ९. | भोजपुर क्याम्पस,भोजपुर | **अ** | प्यानल **विजय** |
| १०. | महेन्द्र मो.आ.ब.क्याम्पस, विराटनगर | **क्रा+अ.** | संयुक्त प्यानल **विजय** |
| ११. | स्नातकोत्तर क्याम्पस,विराटनगर | **ने.** | सभापति, सह सचिव, कोषाध्यक्ष ३ सदस्य **विजय** |
| | | क्रा. | उपसचिव,सचिव, १ जना सदस्य |
| १२. | नसिङ्ग क्याम्पस,विराटनगर | **ने.** | सभापति लगायत प्यानल **विजय** |
| | | अ. | २ जना सदस्य |
| १३. | महेन्द्र वि. ब.क्याम्पस,राजविराज | **ने.** | सभापति फोरम + संयुक्त **विजय** |
| १४. | रामस्वरुप रा.ब.क्याम्पस,जनकपुर | **ने.** | वागी सभापति, सचिव, कोषाध्यक्ष **विजय** |
| | | फोरम | उप सभापति, सहसचिव |
| | | क्रा. | ३ सदस्य |
| | | अ. | १ सदस्य |
| १५. | ठाकुरराम ब.क्याम्पस,बीरगंज | **ने.** | वागी सभापति मुकेश दिवेदी प्यानल **विजय** |
| १६. | वीरगंज नर्सिङ्ग क्याम्पस | **अ** | सभापति लगायत प्यानल **विजय** |
| १७. | हेटौडा वन विज्ञान क्याम्पस | **अ** | सभापति लगायत प्यानल **विजय** |
| १८. | रामपुर कृषि क्याम्पस | **क्रा.** | सभापति, उपसभापति, सचिव लगायत **विजय** |
| | | अ. | उपसचिव,कोषाध्यक्ष २ सदस्य |
| १९. | बीरेन्द्र ब.क्याम्पस, भरतपुर | **अ** | सभापति, कोषाध्यक्ष ४ सदस्य **विजय** |
| | | क्रा. | उपसभापति, सचिव, सह सचिव,६ सदस्य |
| २०. | गोरखा क्याम्पस,गोरखा | **क्रा..** | सभापति लगायत प्यानल **विजय** |
| २१. | लमजुङ्ग क्याम्पस,लमजुङ्ग | **क्रा.** | सभापति लगायत प्यानल **विजय** |
| २२. | पश्चिमाञ्चल (ई) क्याम्पस,पोखरा | **क्रा.** | सभापति लगायत ८ जना **विजय** |
| | | अ. | २ जना सदस्य |
| | | ने. | सदस्य १ जना |
| २३. | पोखरा नर्सिङ्ग क्याम्पस | **अ.** | सभापति लगायत प्यानल **विजय** |
| २४. | पोखरा वन विज्ञान क्याम्पस,पोखरा | **ने.** | सभापति लगायत ९ जना **विजय** |
| | | अ. | कोषाध्यक्ष, सदस्य |
| २५. | पृथ्वीनारायण ब.क्याम्पस,पोखरा | **अ.** | सभापति लगायत प्यानल **विजय** |

| | | | |
|---|---|---|---|
| २६. | त्रिभुवन ब.क्याम्पस,पाल्पा | **ने.** | सभापति लगायत १० जना **विजय** |
| | | अ. | उपसभापति |
| २७. | बुटवल क्याम्पस,बुटवल | | |
| २८. | पक्लिहवा क्याम्पस, पक्लिहवा | **अ.** | सभापति, उप सचिव, कोषाध्यक्ष, ४ सदस्य **विजय** |
| | | क्रा. | उपसभापति, सचिव |
| २९. | महेन्द्र ब.क्याम्पस,वाग्लुङ्ग | **ने.** | सभापति लगायत प्यानल **विजय** |
| ३०. | भैरहवा ब.क्याम्पस,भैरहवा | **क्रा.** | सभापति, उपसभापति, सदस्यहरू २जना **विजय** |
| | | अ | सचिव, ४ जना सदस्य |
| ३१. | महेन्द्र ब.क्याम्पस,दाङ्ग | **क्रा.** | सभापति लगायत प्यानल **विजय** |
| ३२. | महेन्द्र ब.क्याम्पस,नेपालगंज | **क्रा.** | सभापति लगायत १० जना **विजय** |
| | | अ. | सदस्य १ जना |
| ३३. | नर्सिङ्ग क्याम्पस, नेपालगंज | **ने.** | सभापति लगायत प्यानल **विजय** |
| ३४. | सुर्खेत क्याम्पस, सुर्खेत | **अ.** | सभापति, उपसभापति, सचिव, सह सचिव, ७ सदस्य **विजय** |
| | | क्रा. | ३ जना सदस्य |
| ३५. | जुम्ला क्याम्पस,जुम्ला | **क्रा.** | सभापति लगायत प्यानल **विजय** |
| ३६. | डोटी ब.क्याम्पस,डोटी | **ने.** | सभापति, सचिव, कोषाध्यक्ष, २ जना सदस्य **विजय** |
| | | अ. | उपसभापति, सहसचिव, ४ जना सदस्य |
| ३७. | सिद्धनाथ क्याम्पस,महेन्द्रनगर | **ने.** | सभापति लगायत प्यानल **विजय** |
| ३८. | डडेलधुरा क्याम्पस,डडेलधुरा | **अ.** | सभापति, उपसभापति, सदस्य **विजय** |
| | | ने. | सचिव, सहसचिव, कोषाध्यक्ष, ५ जना सदस्य |

| **उपत्यका भित्रका २२/२१** | **उपत्यका वाहिर ३८/२९** | **देशब्यापी रुपमा ६१६/२५०** |
|---|---|---|
| अ. - १० | अ. - ९ | अ. - १०७ |
| ने. - ६ | ने. - ११ | ने. - ६५ |
| क्रा. - ४ | क्रा. - ९ | क्रा. - ५६ |

**अ.**=अनेरास्ववियु, **ने.**=नेपाल विद्यार्थी संघ, **क्रा.**=अनेरास्ववियु (क्रान्तिकारी),**अ+क्रा** =अनेरास्ववियु र क्रान्तिकारी संयुक्त प्यानल, **अ+ने** =अनेरास्ववियु र ने.वि.संघ संयुक्त प्यानल, **अ+रो.क्रा.**= अनेरास्ववियु र रोहीत क्रान्तिकारी संयुक्त प्यानल

# राजीनामा स्वीकृत

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदमा रही सेवा गर्दै आउनुभएका निम्न महानुभावहरूको राजीनामा स्वीकृत गरेको छ :

| राजीनामा दिनेको नाम | पद | सेवारत निकाय | राजीनामा लागु मिति |
|---|---|---|---|
| श्रीमती मनोरमा तुलाधर | सह प्राध्यापक | नर्सिङ्ग क्याम्पस,महाराजगंज | २०६५।१२।१ |
| डा. शोभा पात्रवंश | उप प्राध्यापक | व्यावहारिक वि.तथा प्र.अ.सं.त्रि.वि.कीर्तिपुर, | २०६५।१०।२२ |
| श्री सोनी मास्के | सह प्राध्यापक | पाटन संयुक्त क्याम्पस,पाटनढोका | २०६५।१०।२० |
| श्री कृष्णप्रसाद पोखरेल | प्राध्यापक | जनप्रशासन क्याम्पस,जमल | २०६५।११।५ |
| श्री हिसिला यमी | उपप्राध्यापक | पुल्चोक क्याम्पस,पुल्चोक | २०५४।५।६ |
| श्रीमती सुगन्ध थापा | सह प्राध्यापक | नर्सिङ्ग क्याम्पस,महाराजगंज | २०६५।११।१ |
| डा. महेशकुमार मास्के | उप प्राध्यापक | महाराजगञ्ज क्याम्पस,महाराजगञ्ज | २०६५।११।१९ |
| श्री श्री यखलाक अहमद खाँ | सह प्राध्यापक | भैरहवा बहुमुखी क्याम्पस,भैरहवा | २०६५।११।८ |
| श्री कृष्णकुमार बस्नेत | सह प्राध्यापक | सरस्वती बहुमुखी क्याम्पस,लैनचौर | २०६५।११।१५ |
| श्रीमती हेमन्ती श्रेष्ठ | स्टाफ नर्स | त्रि.वि.शिक्षण अस्पताल,महाराजगंज | २०६५।२।१ |
| श्री रूद्रबहादुर प्रधान | सह प्राध्यापक | अमृत क्याम्पस,ठमेल | २०६५।८।१ |
| श्रीमती यशोदाकुमारी काफ्ले | क्याम्पस प्रमुख | जनप्रशासन क्याम्पस,जमल | २०६५।१२।१६ |
| श्री पशुपतिनाथ तिमल्सेना | क्याम्पस प्रमुख | पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा | २०६५।१२।१२ |

# कुलपति पुष्पकमल दाहाल 'प्रचण्ड'को मन्तव्यको पूर्ण पाठ

**त्रिभुवन विश्वविद्यालयको ३३ औं दीक्षान्त समारोहमा उपस्थित प्रमुख अतिथि प्रा.डा. हफिज जी.ए. सिद्दिकी,
उपकुलपति-नर्थ-साउथ विश्वविद्यालय, बंगलादेश
त्रिभुवन विश्वविद्यालयका सहकुलपति, उपकुलपति,
त्रि. वि.का विद्वान् सभासद्हरू, प्राध्यापक एवं कर्मचारी,
पत्रकार मित्रहरू, आज विभिन्न उपाधि प्राप्त गर्ने दीक्षित स्नातकहरू तथा समारोहमा उपस्थित महिला एवं सज्जनवृन्द !**

आजको यो दिन त्रिभुवन विश्वविद्यालयका निम्ति विशेष उत्सवको दिन हो । यस विश्वविद्यालयले आफ्नो सीमित साधन र स्रोतको अधिकतम उपयोग गर्दै हजारौं विद्यार्थीलाई दीक्षित बनाएको र दीक्षाको त्यस अनुष्ठानलाई औपचारिक रूपमा पूर्णता दिन आयोजना गरिएको यस विशेष समारोहमा गणतन्त्र नेपालको प्रथम नागरिक-कुलपतिका हैसियतले सम्बोधन गर्न पाउँदा म स्वयं पनि अपार खुसी र गौरवबोध गरिरहेको छु।

त्रिभुवन विश्वविद्यालयको यस तेत्तीसौं दीक्षान्त समारोहमा स्नातकहरूलाई विद्वतापूर्ण दीक्षान्त सम्बोधन गर्न एवं प्रमुख आतिथ्य प्रदान गर्न त्रि. वि. को आमन्त्रणलाई हार्दिकतापूर्वक स्वीकार गरी पाल्नु भएका प्रा.डा. हफिज जी.ए. सिद्दिकीलाई म यस समारोहमा हार्दिक स्वागत गर्दछु। साथै, आजको यस समारोहमा विभिन्न उपाधि प्राप्त गर्न लाग्नु भएका स्नातकहरूलाई हार्दिक बधाइ ज्ञापन गर्दछु।

**समारोहमा उपस्थित विद्वत्जन एवं स्नातकहरू !**

त्रिभुवन विश्वविद्यालय मुलुककै जेठो र गरिमामय विश्वविद्यालय हो र यसले राष्ट्रनिर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यसले राष्ट्रका बहुसङ्ख्यक युवाहरु र विशेषतः ग्रामीण क्षेत्रका न्यून आय वर्गका छोराछोरी समेतलाई उच्च शिक्षाको पहुँच र अवसर प्रदान गर्दै आएको कुराले यसको महत्त्व र गरिमालाई अझ बढाएको छ।

कुनै पनि राष्ट्रको समृद्धिको कारण त्यस देशका नागरिकहरुको ज्ञान, सीप र दक्षता हुन्छ भने त्यस्तो जनशक्तिको विकासमा विश्वविद्यालयको भूमिका सर्वथा महत्त्वपूर्ण हुन्छ। उच्च प्राज्ञिक ज्ञान, सीप र दक्षता युक्त नागरिक निर्माण गरेर मात्र राष्ट्रले सम्पन्नता र समृद्धि प्राप्त गर्न सक्तछ र यो भूमिका विश्वविद्यालयबाटै पूरा भएको संसारकै इतिहासले देखाएको छ। नेपालको इतिहास समृद्धिका श्रृङ्खलामा धेरै अघि बढिसकेको छैन । अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था लामो कालखण्डदेखि व्याप्त रहँदै आएको हो र एक्काइसौं शताब्दीका प्रारम्भमा मात्र हामीले सामन्तवादी राजनीतिक संरचनालाई विस्थापित गरेर लोकतान्त्रिक गणतन्त्रको मिर्मिरेमा आइपुगेका छौं। अब ज्ञान-विज्ञान, कला, प्रविधिको विकास र समृद्धिका बहुल ढोकाहरू खुलेका छन् तथा यस क्षेत्रमा सम्भावनाका नयाँ क्षितिजहरू उघारिएका छन्।



यस पृष्ठभूमिमा एउटा निरङ्कुश शासन व्यवस्थाका परिधिभित्र राजकीय विश्वविद्यालयका रूपमा त्रिभुवन विश्वविद्यालयले हिजोका दिनमा निश्चितै रूपले विभिन्न कठिनाइको सामना गर्नुपरेको थियो र यसका अगाडि विभिन्न चुनौतीहरू विद्यमान थिए र आज पनि यसका अगाडि अनेकन चुनौतीहरू विद्यमान छन् तथापि विश्वविद्यालयभित्र कार्यरत स्वाभिभानी प्राध्यापक वर्ग, कर्मचारी तथा जागरुक विद्यार्थीहरूका सहप्रयासबाट त्रिभुवन विश्वविद्यालयले विद्यार्थीका ज्ञान र सीपको विकास गरी राष्ट्रका विभिन्न क्षेत्रलाई नेतृत्व दिन सक्ने सक्षम जनशक्ति उत्पादन गरेर आफ्नो अहम् दायित्व निर्वाह गर्दै आएको छ। मलाई लाग्छ, यही कारण यस विश्वविद्यालयप्रति विद्यार्थीहरूको आकर्षण र चाप बढ्दो छ।

विगत केही वर्षदेखि मुलुक बहुविश्वविद्यालयीय परिवेशमा प्रवेश गरिसकेको छ र देशभर विभिन्न विश्वविद्यालयहरू सञ्चालित छन् भने अब मुलुक सङ्घीयतातिर अगाडि बढ्दै जाँदा अन्य विश्वविद्यालय थपिने स्थिति पनि टड्कारो नै रहेको छ। यसका अतिरिक्त विश्वव्यापीकरण र बढ्दो अन्तर्राष्ट्रिय पहुँचका कारण शिक्षाका केन्द्रहरू बहुआयामिक र विश्वव्यापी स्वरुपका हुँदै गएका छन्। अब ज्ञान-विज्ञान न त कहीँ कुनै संस्थाविशेषमा केन्द्रित छ न त कुनै प्रतिबन्धद्वारा नै यो प्रतिबन्धित हुने अवस्था छ। अर्थात् ज्ञानप्रसारमा पनि प्रतिस्पर्धाको स्थिति विद्यमान छ र यस चुनौतीलाई पनि यस विश्वविद्यालयले ग्रहण गरिरहेको छ र अझ सशक्त रूपमा यसलाई स्वीकार गर्ने पनि छ। यसो गर्दा निश्चय पनि हामीले हाम्रो राष्ट्रिय आवश्यकता, हाम्रा सामाजिक एवं मानवीय मूल्य र आदर्श तथा वैज्ञानिक सञ्चेतनामा टेक्दै जीवनोपयोगी शिक्षाको विकासमा सक्रिय हुनुपर्नेछ र त्रिभुवन विश्वविद्यालयले यस दिशामा आफूलाई अगाडि बढाउने छ। यस क्रममा अबको विश्वविद्यालयीय शिक्षालाई विज्ञान तथा प्रविधिमुखी एवं गहन अनुसन्धानमुखी बनाउनुपर्ने कुरालाई पनि विश्वविद्यालयले गहिरो गरी आत्मसात् गर्नै पर्दछ।

*(बाँकी १५ पृष्ठमा)*

# सहकुलपति रेणुकुमारी यादवको मन्तव्यको पूर्ण पाठ

**यस समारोहका अध्यक्ष कुलपति**
**सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यू,**
**प्रमुख अतिथि नर्थ साउथ युनिभर्सिटी, बनानी,**
**बङ्गलादेशका उपकुलपति प्रा.डा. हफिज जि.ए. सिद्दिकीज्यू,**
**त्रिभुवन विश्वविद्यालयका पदाधिकारी एवम् सभाका सभासदज्यूहरू,**
**आमन्त्रित विशिष्ठ महानुभावहरू**
**विभिन्न उपाधि प्राप्त गर्ने उपस्थित छात्र-छात्राहरू एवम्**
**सम्पूर्ण महिला तथा सज्जनवृन्द ।**

१. राष्ट्रको आवश्यकतालाई परिपूर्ति गर्न सक्ने सबल र सक्षम उच्चस्तरीय गुणस्तरयुक्त जनशक्तिको उत्पादन गर्ने अभिभारा बोकेको मुलुककै जेठो विश्वविद्यालय, यस त्रिभुवन विश्वविद्यालयको तेत्तीसौं दीक्षान्त समारोहमा सर्वप्रथम सहकुलपतिका हैसियतले सम्माननीय प्रधानमन्त्री, प्रमुख अतिथि लगायत उपस्थित सम्पूर्ण बौद्धिक महानुभावहरूलाई स्वागत गर्दछु । सङ्घीय गणतान्त्रिक नेपालको समुन्नति र प्रगतिका लागि सिर्जनशील एवम् नवीनतम् विचारका धनी तपाईं स्नातक, स्नातकोत्तर, एम.फिल र विद्यावारिधिको उपाधिबाट सुशोभित हुन लाग्नुभइरहेका देशका जिम्मेवार व्यक्तित्वलाई यस दीक्षान्त समारोहमा बधाई दिन चाहन्छु । तपाईंले प्राप्त गर्नुभएका ज्ञान, सीप र प्रविधि देशको सम्पत्ति बन्न सकोस् भन्ने अभिलाषासमेत राखेकी छु ।

२. विश्वविद्यालय भनेको विचार, दर्शन र ज्ञानको सिर्जन ागर्ने कारखाना हो, जहाँ नवीनतम् सोच र ज्ञानको उत्पादन हुन्छ । अर्थात् विश्वमा प्रतिष्ठित वैज्ञानिक, व्यवस्थापक, कलाकार, राजनेता लगायतका व्यक्तित्वको उत्पादन विश्वविद्यालयबाटै हुन्छ । यस अर्थमा हाम्रो परिप्रेक्ष्यमा त्रिभुवन विश्वविद्यालयलाई परिपक्व विश्वविद्यालयको रूपमा लिन सकिन्छ ।

३. विश्वविद्यालयको समग्र विकासका लागि सरोकारवालाहरूका बीचमा सुमधुर सम्बन्धको आवश्यकता पर्दछ । हड्ताल, धर्ना, घेराउ, आगजनी जस्ता ध्वंसात्मक कार्यले निश्चय नै उच्च शिक्षाको प्रवर्द्धन र संवर्द्धनमा मद्दत पुग्दैन । अतः हाम्रो आजको शैक्षिक संस्थाको समुन्नतिको पूर्वशर्तका रूपमा शैक्षिक संस्कारलाई शान्तिक्षेत्रमा रूपान्तरण गर्न आह्वानसमेत गर्दछु ।

४. आजको सूचना संसारको युगमा उच्च शिक्षाको महत्व झनै बढेर गएको छ । त्रिभुवन विश्वविद्यालयले परिवर्तित विश्वको मागलाई सम्बोधन गर्दै मूलतः सूचना, विज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन र अनुसन्धानको दायरा फराकिलो पार्दै नयाँ-नयाँ आविष्कार र खोज गरी आफूलाई अन्य विश्वविद्यालयको तुलनामा उत्कृष्ट स्थानमा



उभ्याउनुपर्दछ ।

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धात्मक एवम् समयसापेक्ष गुणस्तरीय शिक्षा प्रदान गर्दै ५० औं वर्षमा प्रवेश गरेको यस विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय स्तरको शैक्षिक संस्थाको रूपमा विकसित गर्दै लैजानु पर्दछ । यसका लागि सबैले शैक्षिक अभ्यास गर्ने पवित्र मन्दिरका रूपमा विश्वविद्यालयलाई लिनुपर्दछ ।

६. उच्च शिक्षा प्रदान गर्ने थलोमा विद्यालय तहको शिक्षा अर्थात् प्रवीणता प्रमाण-पत्र तहलाई विस्थापन गरी शैक्षिक अनुसन्धान र विकास प्रयासमा त्रि.वि. लागिपरेकोमा धन्यवाद छ ।

अन्त्यमा यस तेत्तीसौं दीक्षान्त समारोहमा सहभागी हुन आउनुभएका सम्पूर्ण छात्र-छात्राहरूले आफूले प्राप्त गरेको उपाधिलाई समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत सिर्जनशील ढङ्गले सदुपयोग गर्नुहोस् तथा नयाँ नेपाल निर्माणका लागि विभिन्न क्षेत्रमा आफ्ना ज्ञान र सीप लगानी गर्दै राष्ट्रलाई समुन्नत तुल्याउन योगदान पुऱ्याउन सक्नुहोस् भन्ने शुभकामना व्यक्त गर्दै पुनः हार्दिक बधाई ज्ञापन गर्दछु ।

धन्यवाद ।

# उपकुलपति प्रा.डा माधवप्रसाद शर्माको स्वागत मन्तव्यको पूर्ण पाठ

**यस समारोहका अध्यक्ष, कुलपति सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यू,**
**सहकुलपति माननीय शिक्षामन्त्री रेणुकुमारी यादवज्यू,**
**प्रमुख अतिथि नर्थ साउथ युनिभर्सिटी, बनानी, बंगलादेशका उपकुलपति प्रा.डा. हफिज जि.ए. सिद्धिकीज्यू,**
**त्रिभुवन विश्वविद्यालय सभाका सभासद्ज्यूहरू,**
**आमन्त्रित विशिष्ट महानुभावहरू,**
**प्राध्यापक एवं कर्मचारी मित्रहरू,**
**पत्रकार बन्धुहरू,**
**विभिन्न उपाधि प्राप्त गर्न उपस्थित छात्र-छात्राहरू,**
**उपस्थित सम्पूर्ण महिला तथा सज्जनवृन्द !**

नेपालमा ऐतिहासिक जनआन्दोलनबाट भएको राजनीतिक परिवर्तन एवं लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि मुलुककै जेठो एवं ऐतिहासिक शैक्षिक संस्था त्रिभुवन विश्वविद्यालयबाट आयोजित यस ऐतिहासिक एवं गरिमामय तेत्तीसौँ दीक्षान्त समारोहमा हाम्रो आमन्त्रण स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथिज्यू, कुलपतिज्यू, सहकुलपतिज्यू, सभासद्ज्यूहरू, विशिष्ट महानुभावहरू लगायत सम्पूर्ण उपस्थित महानुभावहरूलाई त्रिभुवन विश्वविद्यालयका तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्न पाउँदा मलाई अत्यन्त हर्षको अनुभूति भएको छ। साथै आजको यस महत्त्वपूर्ण अवसरमा त्रिभुवन विश्वविद्यालयबाट विभिन्न तह र विषयमा विभिन्न उपाधि प्राप्त गर्नुहुने छात्र-छात्राहरूलाई पनि म हार्दिक स्वागत गर्न चाहन्छु।

त्रिभुवन विश्वविद्यालयबाट विभिन्न तह र विषयमा उपाधि पाउन योग्य ठहरिएका विद्यार्थीहरूलाई सम्बन्धित उपाधि प्रदान गर्न आयोजित यो समारोह विश्वविद्यालय र सम्बन्धित सबै पक्षका लागि विशेष महत्त्वको उत्सव पनि हो। यस महत्त्वपूर्ण घडीमा त्रिभुवन विश्वविद्यालयको स्थापनाकालदेखि हालसम्मको अवधिमा यसको शैक्षिक, प्राज्ञिक एवं अन्य समग्र उन्नयनका लागि महत्त्वपूर्ण योगदान दिनुहुने सम्पूर्ण विद्वत्वर्ग, विद्यार्थी एवं कर्मचारीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। साथै सुरुदेखि हालसम्मका अवधिमा भएका शैक्षिक एवं लोकतान्त्रिक आन्दोलनका क्रममा सक्रिय सहभागिता जनाई प्रशंसनीय योगदान पुऱ्याउने अमर व्यक्तित्व एवं सहिदहरूलाई यस ऐतिहासिक समारोहमा श्रद्धापूर्वक स्मरण गर्न चाहन्छु।

त्रिभुवन विश्वविद्यालयबाट आयोजित तेत्तीसौँ दीक्षान्त समारोहको यस महत्त्वपूर्ण उपलक्ष्यका लागि हाम्रो अनुरोध स्वीकार गरी प्रमुख अतिथिको गौरवपूर्ण एवं गहन दायित्व निर्वाह गर्न पाल्नुभएका नर्थ साउथ युनिभर्सिटी बङ्गलादेशका उपकुलपति, प्रखर अर्थशास्त्री, सार्वजनिक र अन्तर्राष्ट्रिय मामलासम्बन्धी विज्ञ, अन्तर्राष्ट्रिय व्यवसाय र व्यवस्थापन विषयका प्राध्यापक, अमेरिका, पाकिस्तान लगायत बंगलादेशका विभिन्न विश्वविद्यालयहरूमा प्राध्यापनको लामो अनुभव बटुलेका एवम् अमेरिका, बेलायत र बंगलादेशका विभिन्न विश्वविद्यालयबाट सम्मान र पुरस्कारहरू प्राप्त गर्न सफल अन्तर्राष्ट्रिय स्तरका शैक्षिक संस्था एवं यु.एन.ओ.का संस्थाहरूमा विभिन्न पदमा रही महत्त्वपूर्ण योगदान दिएका एवं राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलहरूमा दर्जनौँ अनुसन्धानमूलक लेखहरू र पाठ्य-सामग्रीहरूमा आधारित पुस्तकहरू समेत प्रकाशन गर्नुभएका विद्वान् प्राध्यापक डा. हफिज जी.ए. सिद्धिकीप्रति म त्रिभुवन विश्वविद्यालयका तर्फबाट हार्दिक आभार प्रकट गर्दै उहाँलाई हार्दिक स्वागत अभिवादन गर्दछु। एक प्रतिष्ठित विश्वविद्यालयका उपकुलपति, व्यवसाय र व्यवस्थापन विषयका



विज्ञ, प्रसिद्ध अर्थशास्त्री, प्रतिष्ठित शिक्षाविद् एवं कुशल प्रशासक जस्ता विशिष्ट व्यक्तित्वबाट दीक्षान्त सम्बोधन हुनु यस समारोहका लागि गौरवको विषय हो भन्ने मलाई लागेको छ।

त्रिभुवन विश्वविद्यालयले स्थापनाकालदेखि नै मुलुकको सर्वाङ्गीण विकासका लागि स्तरयुक्त उच्च शिक्षा प्रदान गर्दै आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने महत्त्वपूर्ण ऐतिहासिक भूमिका र अभिभारा वहन गर्दै आएको छ। हाल देशमा अन्य विश्वविद्यालयहरू स्थापना हुने क्रम बढ्दै गए तापनि उच्च शिक्षाको विकास र विस्तारमा यसको भूमिका महत्त्वपूर्ण छ। परिवर्तित नेपाली समाजको माग र आवश्यकतानुसारको गुणस्तरीय, प्रतिस्पर्धात्मक एवं समयसापेक्ष शिक्षा प्रदान गर्ने र जनविश्वासको जगेर्ना एवं राष्ट्रिय दायित्व निर्वाह गर्नुपर्ने जस्ता चुनौतीपूर्ण कार्यहरू पनि यसका सामु रहेका छन्। सामाजिक, आर्थिक, भौगोलिक रूपले पिछडिएका वर्गदेखि सम्पन्न वर्गसम्मका आम नेपालीहरूका निमित्त उच्च शिक्षाको प्रमुख केन्द्रका रूपमा रहेको यो विश्वविद्यालय ५० औं वर्षमा प्रवेश गरेको छ। ५० औं स्वर्ण महोत्सवलाई भव्य रूपमा मनाउन वार्षिक कार्ययोजनाहरू तयार भएका छन्। यस महत्त्वपूर्ण अवसरमा शैक्षिक क्षेत्रमा गुणात्मक सुधार, आर्थिक र भौतिक रूपान्तरण प्रक्रियाको थालनी गरी प्रशासनिक संरचना र जटिलतामा व्यापक सुधार गर्दै विकेन्द्रीकरण र स्वायत्तताका पक्षमा प्रभावकारी ढङ्गले कार्य गर्नुपरेको छ। यसका लागि

पाठ्यक्रम परिमार्जन गरी नयाँ पाठ्यक्रमअनुसार पठनपाठनमा सुधार गर्ने, मूल्याङ्कन प्रक्रियामा वैज्ञानिक र व्यावहारिक सुधार गर्ने, आर्थिक पारदर्शिता कायम गरी भौतिक सुधार तथा संवर्द्धन गर्ने, आधुनिक शैक्षिक उपकरणहरूको उचित व्यवस्था गर्ने, व्यवस्थापकीय सुधार एवं निश्चित शैक्षिक क्यालेन्डर अनुसार शैक्षिक कार्यक्रमहरूलाई व्यवस्थित गर्ने कार्यहरू भइरहेका छन् ।

त्रिभुवन विश्वविद्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उच्च शिक्षासँग सम्बन्धित विभिन्न निकायहरूसँग आपसी सहयोग र अनुभव आदान-प्रदान गर्ने खालका सम्झौता गरी सोहीअनुरूपका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस क्रममा नर्थ साउथ, साउथ प्रोग्राम अन्तर्गत नर्वे र दक्षिण एसियाका मुलुकहरूसँग सहकार्य गर्दै पाठ्यक्रम निर्माण र परिमार्जन कार्यलाई अगि बढाउँदै लगिएको छ । संयुक्त राष्ट्रसंघ Peace University सँग पनि शान्ति, सुरक्षा र विकाससँग सम्बन्धित पाठ्यक्रम तयार गरी अध्ययन-अध्यापन कार्य थाल्न सहकार्य गर्ने समझदारी बनेको छ । यसैगरी हालसालै एसिया, युरोप र अमेरिकाका विभिन्न विश्वविद्यालयहरूसँग शैक्षिक प्राज्ञिक क्षेत्रका विविध कार्यक्रमहरूमा सहकार्य गर्ने समझदारी बनेका छन् ।

त्रिभुवन विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरी संसारका विभिन्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूले उत्कृष्ट नतिजा हासिल गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरका सम्मान र पुरस्कारहरू समेत प्राप्त गरी मुलुककै नाम उच्च राख्ने कार्य गरेका छन् । यसप्रकार उच्च शिक्षामा विश्वव्यापी रूपमा भइरहेको प्रगति र परिवर्तनसँग तालमेल मिलाउँदै प्रतिस्पर्धात्मक रूपले अगाडि बढ्ने क्रममा हाम्रो विश्वविद्यालय पाठ्यक्रम परिमार्जन गर्ने, नयाँ विषयहरू थप गर्ने, आधुनिक प्रविधिको प्रयोग र विस्तार गर्ने, केन्द्रीय पुस्तकालयमा सुधार र विस्तार गर्ने, नयाँ सञ्चार प्रविधि र अप्टिकल फाइवर जडान गर्ने, सि.सि.टि.भी., एफ्.एम. रेडियो सञ्चालन गरी सूचना तथा सञ्चार प्रविधिमा विस्तार गर्ने जस्ता कार्यमा जोड दिँदै आएको छ । नेपालको भौगोलिक अवस्थितिका कारण दुर्गम र दूरदराजमा रहेका विपन्न वर्गका जनतालाई विशेष गरी विज्ञान र प्रविधिका विषयहरूको उच्च शिक्षाको अध्ययनको अवसर दिनुपर्ने दायित्व र चुनौती विश्वविद्यालयको छ । यसका लागि नेपाल सरकारको प्रत्यक्ष सहयोग आवश्यक छ । विश्वविद्यालयले प्रचलित अन्तर्राष्ट्रिय मापदण्ड अनुसार शैक्षिक कार्यक्रमहरू मिलान गर्दै जाने क्रममा तीन वर्षे स्नातक कार्यक्रमलाई चार वर्षे कार्यक्रममा परिवर्तन गर्ने कार्यको थालनी गरिसकेको छ । व्यावसायिक तथा रोजगारमूलक र प्राविधिक शिक्षालाई विस्तार गर्ने, अध्ययन संस्थान र सङ्काय अन्तर्गतका निर्धारित विषयहरूलाई परिमार्जन गर्ने एवं कतिपय नयाँ विषयहरूलाई प्रवेश गराउने कार्यहरू हुँदै आएका छन् । अनुसन्धानमूलक र शैक्षिक गुणस्तरमा वृद्धि गर्ने प्रमुख आधारका रूपमा रहेका एम.फिल. र पिएच.डी. कार्यक्रमहरूलाई सुदृढ र परिमार्जन एवं विस्तार गर्दै लगिएको छ । त्रिभुवन विश्वविद्यालयको प्रशासनिक एवम् सांगठनिक संरचनामा पनि समसामयिक सुधार गर्दै जाने क्रममा ऐन, नियम र नीतिमा परिमार्जन गर्ने कार्यको थालनी भएको छ ।

मुलुकको उच्च शिक्षाको केन्द्रविन्दु एवं धरोहरसमेत रहेको त्रिभुवन विश्वविद्यालयको समग्र विकास एवं सुधारका पक्षमा मुलुकका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज एवं सम्पूर्ण शिक्षाप्रेमीहरूले चिन्तन-मनन गरी साझा अवधारणा बनाउन आवश्यक छ । मुलुकको ऐतिहासिक परिवर्तनको क्रममा लामो समयसम्म नेतृत्वविहीन अवस्थामा रहेपछि सहमतिका आधारमा सहकार्य गर्ने उद्देश्यबाट स्थापित हालको व्यवस्थापन पक्षले साझा उद्देश्य परिपूर्तिका लागि सहमतिका आधारमा शैक्षिक प्राज्ञिक कार्यक्रमहरू निर्विवाद ढङ्गले सञ्चालन गर्ने लक्ष्य लिएको छ । विश्वविद्यालयको बढ्दो आर्थिक सङ्कटलाई समयमै व्यवस्थापन गर्न विशेष कार्ययोजना तर्जुमा भइरहेको छ । यसका लागि नेपाल सरकारले पनि अनुदानको परम्परागत नीतिलाई परिवर्तन गरी अनुदानमा वृद्धि गर्नु जरुरी छ । अर्कोतर्फ असमझदारी, विवाद, हडताल, घेराउ, तोडफोड र विध्वंसात्मक प्रवृत्तिलाई अन्त्य गर्ने संस्कारको थालनी सबै पक्षबाट हुनु जरुरी छ । विश्वविद्यालय ज्ञान, विवेक र स्वतन्त्रताको प्रतीक हो । यदाकदा यी कुराहरूलाई बन्धक बनाउने खालका दुष्प्रवृत्तिहरू नदेखिएका होइनन् तापनि यस विषयमा चेतनशील नेपाली समाजले जसरी आफ्नो चासो र चिन्ता देखाएको छ त्यसका निम्ति म विश्वविद्यालयका तर्फबाट हार्दिक आभार प्रकट गर्दछु ।

**प्यारा विद्यार्थी भाइ-बहिनीहरू !**

आजको यस तेत्तीसौँ दीक्षान्त समारोहमा तपाईंहरू स्नातक तहमा २०२१२, स्नातकोत्तर तहमा ४१०९ र विद्यावारिधि तहमा ३० गरी जम्मा २४३५१ विद्यार्थीहरू सम्बन्धित उपाधि पाउन योग्य ठहरिएका र तीमध्ये १३५२ जना यस समारोहमा स्वयं उपस्थित भई सम्बन्धित उपाधि ग्रहण गर्न लाग्नुभएको छ । विश्वविद्यालय ज्ञान, सिप, क्षमता र सिर्जनशीलताको प्रस्फुटन, विकास र अभिवृद्धि गर्ने गौरवशाली शैक्षिक संस्था हो । यसबाट प्राप्त ज्ञान र सिपले अन्धकार, भय र अशान्तिबाट मुक्ति दिलाउने स्वाभिमान, समानता, सेवा र परोपकारको भावना जागृत गर्दै समाज र राष्ट्रलाई अग्रगमनतर्फ लैजान एवं समस्त मानव जातिलाई सुख, शान्ति र प्रगतिको दिशातर्फ उन्मुख गराउने प्रेरणा प्राप्त हुन्छ । त्रिभुवन विश्वविद्यालयबाट तपाईंहरूले प्राप्त गरेको सैद्धान्तिक र व्यावहारिक ज्ञान एवं सिपहरूका आधारमा तपाईंहरू विश्व र राष्ट्रको कुनै पनि पक्षमा अग्रणी भूमिका खेल्न सक्षम हुने अपेक्षा राखिएको छ । तपाईंहरू त्रिभुवन विश्वविद्यालयबाट विभिन्न शैक्षिक उपाधि प्राप्त गरी आज दीक्षित भएर जाँदै हुनुहुन्छ । तपाईंहरूले प्राप्त गरेको शिक्षा-दीक्षा, सिप र कौशलबाट समाज, राष्ट्र र विश्वले नै सही मार्ग पहिल्याउन सकोस् । तपाईंहरू समाज, राष्ट्र र विश्वकै अगुवा बन्न सक्षम हुन सक्नुहोस्, आफ्नो रुचि, सिप र दक्षता अनुसारको पेसा, रोजगारी प्राप्त गर्न सफल हुनुहोस्, तपाईंहरूको भविष्य सफल, उज्ज्वल बनोस् र निरन्तर प्रगति

*(बाँकी १५ पृष्ठमा)*

# प्रा.डा हाफिज जी.ए.को दीक्षान्त भाषणको पूर्ण पाठ

It is a great honor for me to address the 33rd Tribhuvan University Convocation. This is humbling for me to participate in this auspicious event at an institution of higher learning that is rich in tradition and, as the oldest and the largest university in Nepal, is about to celebrate the Golden Jubilee in July of this year. Let me take this opportunity to felicitate the university on the upcoming 50th anniversary and wish it continued success and glory. I am grateful to Tribhuvan University for inviting me to this prestigious institution and to be able to convey a few thoughts.



**Ladies and gentlemen**

I have come from Dhaka, Bangladesh to share this festive occasion with you. I stand here as a symbol of camaraderie and collaboration between two universities namely Tribhuvan University, largest public university in Nepal, and North South University, Dhaka, the first private university in Bangladesh, established in 1992. More importantly, I represent the cultural proximity and enduring brotherly relationship between our two countries.

But today is not about me. Today is about you, the graduates. It is about honoring the graduates of a fine university and share my experience and ideas in a way that provides some guidance for the future. Let me congratulate you for your success and splendid achievement. Let me also pay homage to your parents and guardians and erudite teachers whose generous support and assistance have made this day possible.

**Dear Graduating Students**

The journey of a thousand miles must begin with a single step. On this day you have taken a giant step in the journey of life. This is the end of a major phase of the journey but the beginning of an important chapter and you are set for a new and exciting episode. With the education and training you have received at Tribhuvan University, you have the advantage of being ahead of vast majority of the people.

Much is expected of you. University graduates in less developed countries like ours are the direct product of the sacrifice and contribution of the whole society. You owe a lot to your family and country. There is a debt of gratitude to be repaid to the society at the same time living up to the potentials and promises of own careers and future. In addition to excelling in higher study and professional goals, I fervently hope that you will demonstrate high degree of integrity and personal honesty and social commitment for the betterment of the country.

You have to work hard, meet diverse challenges and realize your potentials. You have to live up to the expectations of the nation and make your alma mater proud by your future actions, aspirations and accomplishments. I am confident that you are fully equipped to do so.

**Ladies and gentlemen**

Tribhuvan University and North South University already have an active collaboration in place. We hope to develop more extensive and closer liaison in the future. A year ago, we jointly established the Master of Public Policy and Governance (MPPG) program at NSU with the assistance of the Norwegian funding agency, NOMA, and participation of Bergen University, Norway. Six Nepalese students were enrolled last year. This year students from Sri Lanka and Nepal in addition to those from Bangladesh will be admitted. The program will gradually incorporate students from all SAARC countries and it will truly be regional in characteristic and content.

As we know, SAARC countries have taken certain steps to promote cooperation. Apart from state initiatives, universities such as ours can foster friendship, collaboration, and even peace and prosperity for shared, collective and symbiotic benefits. The start of the MPPG program at North South University is a small step in that direction.

**Ladies and gentlemen and distinguished guests**

Tribhuvan University and North South University have

to live up to the lofty ideals, and exalted potentials. A modern university produces scholars, thinkers and skilled manpower. It undertakes research for creating knowledge, innovations, and enlightened ideas. It works as a moral guardian by setting high ethical standards. It accelerates economic growth and brings about ideal social changes. During financial downturn, such as the one we are now enduring, universities offer clarifications and solutions and provide hope to a dejected nation. Tribhuvan University, I am sure, like North South University is striving to do these for the good of the society and the country.

Universities especially in our part of the world have the moral obligation to ensure equal access for all. The financially disadvantaged but talented students must have the opportunity for higher education at these universities. A meritorious, eager and enthusiastic but needy student cannot be deprived of higher study simply because of financial shortfall or poverty. The society and the state need to nurture such students and provide ample opportunity to ensure access to universities. We at NSU try to assist by granting financial aid to needy and meritorious students. I am sure Tribhuvan does the same. The state and the government also have the solemn duty to accommodate such students and ensure financial support for the sake of developing human capital as well as social capital.

**Ladies and gentlemen**

Compared to the size and glorious history of Tribhuvan University, North South University, barely 16 years in existence, is young in the historical context, quite new in the institutional context and, with 8, 400 students, relatively small in size. But in the global context we both have to face the same tune. Globalization requires that a university become universally competitive. But we need to be careful in yielding to global imperatives.

Globalization, unfortunately, has turned education into a commodity. The number of universities as profitable business ventures is increasing. This is regrettable. It promotes materialism, ignoring altruism and spirituality. The universities must devise ways to promote selflessness, social consciousness and spirituality. We have to be acutely aware about such prerogatives.

**Ladies and gentleman and my dear graduates**

I have been a very lucky man. I have had a long and fulfilling academic career with over 45 years of teaching in Bangladesh and the US. I was a part of the Institute of Business Administration, IBA, in Dhaka for many years and saw future leaders and brilliant teachers emerge. For the last 16 years I have been involved in the development of a private university with impressive achievements and growing reputation. I have written a number of books and numerous articles in international journals. I have been a member of eminent professional organizations, met heads of states and heads of government as well as Presidents and Vice Chancellors of renowned universities. But I have thrived mainly as a teacher. Teaching, as the proverb goes, is not simply a profession but a passion. There is nothing more satisfying than to observe my students blossom, flourish and prosper and achieve eminence in the country and in the international arena. I am sure the teachers here feel the same way.

**Distinguished guests and graduates**

Our existence in this world is temporary. We do not take riches and wealth with us when we finally depart. If the short and fleeting stay is not governed by an ethical and moral regime, we fall prey to deviations and delinquencies including corruption. An ethical or moral regime is basically a regime of choice between the right and wrong, between what is materially craving but morally reprehensive.

I urge the graduates to incorporate spirituality, social consciousness and high moral and ethical standards in life and the living even in hectic and ambitious pursuit of career goals. I also suggest that you get involved in social service, governance and even politics. It can get aggravating and frustrating. You have to deal with the vital issues with patience and understanding. You have to work hard to establish true representative government and ensure benefits for the common people.

**My dear graduates**

You are graduating in the midst of a worldwide financial downturn and will face intricate challenge. How you face the overwhelming challenge and meet your career goals is something that will stretch your vigor, skills and intelligence.

Fortunately, you are the graduates of an excellent university. German poet Goethe said, “Knowledge is not enough, we must apply. Willing is not enough, we must do.” I firmly believe that you will tackle the adversities in the real world with knowledge, talent and equanimity and a passionate ‘can-do’ approach. As alumni of this university, you will provide leadership and take the country to its destiny - of peace, prosperity, justice, and happiness. I again pray that you succeed in discharging your social obligations in addition to meeting career goals.

Once again, my heartfelt congratulations to you. May God bless you in all your future endeavors. Thank you all and good bye.

**उपकुलपति प्रा.डा......................**

पथमा लम्कन समर्थ हुनुहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। साथै आगामी दिनहरूमा यस विश्वविद्यालयको उन्नति-प्रगतिका लागि तपाईंहरूको सक्रिय सहयोग र योगदान रहने आशा एवं विश्वास पनि लिएको छु। सुखमय जीवनका साथै समुज्ज्वल भविष्यका लागि आज दीक्षित सम्पूर्ण छात्र-छात्राहरूलाई शुभकामना व्यक्त गर्दै हार्दिक बधाई ज्ञापन गर्दछु।

अन्त्यमा विगत करिब चार वर्षदेखि विविध कारणले अवरुद्ध त्रिभुवन विश्वविद्यालयको दीक्षान्त समारोह सफलतापूर्वक सम्पन्न गर्न एवं त्रिभुवन विश्वविद्यालयको उन्नति एवं प्रगतिका लागि विभिन्न रूपले सहयोग पुऱ्याउने विद्वान् सभासदज्यूहरू, नेपाल सरकार, मित्र राष्ट्रहरू, अभिभावक, विद्यार्थी, प्राध्यापक, कर्मचारी एवं सम्बन्धित संघ-संगठन एवं शिक्षाप्रेमी महानुभावहरूप्रति यस अवसरमा हार्दिक आभार व्यक्त गर्दछु। आगामी दिनहरूमा पनि यस्तै सहयोग र शुभेच्छा पाइरहने विश्वासका साथ यस गरिमामय समारोहमा उपस्थित भई अमूल्य समय हामीलाई प्रदान गरी सहयोग गरिदिनुहुने कुलपतिज्यू, सहकुलपतिज्यू, प्रमुख अतिथिज्यू, विद्वान् सभासद्ज्यूहरू र उपस्थित सम्पूर्ण महानुभावहरू-प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै यहाँहरूको पुनः एकपटक स्वागत गर्दछु।

**कुलपति पुष्पकमल दाहाल.............**

राष्ट्रको परिवेश फेरिएको छ। आवश्यकताहरू फेरिएका छन्। जनताको अपेक्षा बढेको छ र विश्वविद्यालयभित्र पठनपाठन एवं अनुसन्धानमा संलग्न प्राध्यापक, विद्यार्थी एवं कर्मचारीका आवश्यकता-अपेक्षा फेरिएका छन्। यस परिवेशमा ज्ञानको विश्वपरिवेश र प्राप्तिसँग जोडिँदै र आफ्नै राष्ट्रिय आवश्यकतालाई केन्द्रमा राख्दै विश्वविद्यालय आफ्नो यात्रामा अघि बढ्ने विश्वास मैले लिएको छु।

**आज उपाधि प्राप्त गर्ने स्नातकहरू !**

यो देश तपाईंहरूको हो। यो हामीहरूको पनि हो र अन्ततः यो देश तपाईंहरूको नै हो। जीवनका परिश्रमपूर्ण एवं कष्टसाध्य वर्षहरू पूरा गरी उच्च ज्ञान र सीप आर्जन गरेर तपाईंहरू समाजलाई नेतृत्व दिन सक्ने स्थितिमा पुग्नु भएको छ। राष्ट्रलाई सम्पन्नता र समृद्धिका मार्गमा अगाडि बढाउनु छ र त्यसका लागि तपाईंहरूको ज्ञान, सीप, सक्रियता र दायित्वबोधको आवश्यकता छ। नयाँ नेपाल अर्थात् सुन्दर र न्यायपूर्ण नेपालको निर्माण अबको हाम्रो महान् अभियान र उद्देश्य हो। तपाईंहरू यसका योजनाकार बन्नुहोस्, अभियन्ता बन्नुहोस्, कालीगढ बन्नुहोस्। मलाई विश्वास छ, तपाईंहरू सबै यस अनुष्ठानमा सहभागी हुनुहुनेछ र विश्वविद्यालयबाट आर्जित ज्ञान र सीपको सदुपयोग गर्नुहुनेछ। तपाईंहरूको अबको सक्रियता र समर्पणले राष्ट्र लाभान्वित हुनेछ र सँगसँगै तपाईंहरूको गुरुसंस्था त्रिभुवन विश्वविद्यालय र यसका प्राध्यापकहरू गौरन्वान्वित हुनेछन् भन्ने विश्वास पनि मैले लिएको छु।

अन्त्यमा जीवनका हर क्षेत्र र क्षणमा तपाईंहरूलाई सफलता मिलोस्, तपाईंहरूको व्यक्तिगत जीवन सुखमय र समुज्ज्वल होस् भन्ने कामना गर्दछु, धन्यवाद !

**३३ औं दीक्षान्त समारोह..........**

बंगलादेशका उपकुलपति प्रा.डा. सिद्दिकीको सम्बोधनको पूर्णपाठ पृष्ठ १३ मा हेर्नुहोला )

समारोहको प्रारम्भमा स्वागत मन्तव्य दिंदै त्रि.वि.का उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले त्रि.वि.ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उच्चशिक्षासँग सम्बन्धित विभिन्न निकायहरूसँग आपसी सहयोग र अनुभव आदान-प्रदान गर्ने खालका सम्झौता गरी सोहीअनुरुपका कार्यक्रमहरू संचालन गर्दै आएको छ भन्नुभयो।

(उपकुलपति प्रा.डा. शर्माको मन्तव्यको पूर्णपाठ पृष्ठ ११ मा हेर्नुहोला)

सो समारोहमा त्रि.वि. का शिक्षाध्यक्ष प्रा.डा. सूर्यलाल अमात्यले पदक पाउने व्यक्तिहरूको नाम बोलाउनुभएको थियो भने रजिस्ट्रार प्रा.डा. भीमराज अधिकारीले कार्यक्रम संचालन गर्नुभएको थियो। समारोहमा त्रि.वि.का सबै अध्ययन संस्थान र संकायका डीनहरूले आ-आफ्ना अध्ययन संस्थान र संकायसम्बद्ध विद्यार्थीहरूलाई सम्बन्धित उपाधि प्रदान गर्न प्रस्ताव गर्नुभएको थियो।

# अनुगमन समितिमा मनोनयन

काठमाडौं। त्रिभुवन विश्वविद्यालयले अनुसन्धान महाशाखाका सहप्राध्यापक उदयबहादुर सिलवाललाई त्रि.वि. अनुगमन समितिको सदस्य सचिवमा २०६५ चैत २६ गतेदेखि लागू हुने गरी मनोनयन गरेको छ।

समितिमा पाटन संयुक्त क्याम्पस ललितपुरका सहप्राध्यापक विपिनध्वज कार्की, सोही क्याम्पसका उपप्राध्यापक सावित्री श्रेष्ठ, महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका उपप्राध्यापक शिवनारायण यादव, भक्तपुर बहुमुखी क्याम्पस भक्तपुरका उपप्राध्यापक विदुरप्रसाद फुँयाल, रत्नराज्य लक्ष्मी क्याम्पस काठमाडौंका उपप्राध्यापक धर्म कोइराला र धनकुटा बहुमुखी क्याम्पस धनकुटाका उपप्राध्यापक भविन्द्र खड्का सदस्यमा मनोनयन हुनुभएको छ।

# मातृभाषामा विज्ञानको पढाइ हुनुपर्छ : उपकुलपति

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले पाठ्यक्रम विकास केन्द्रद्वारा आयोजित स्नातक तहको अनिवार्य नेपाली विषयसम्बन्धी ३ दिने कार्यशाला गोष्ठीको चैत २९ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

अनिवार्य नेपाली विषयको वर्तमान पाठ्यक्रमलाई समय सान्दर्भिक बनाउन तयार पारिएको नयाँ पाठ्यक्रमको मस्यौदालाई अझ व्यवहारमूलक, सीपमूलक, अभिव्यक्तिमूलक र विद्यार्थीको खाँचोमूलक ढंगले परिमार्जन गर्न देशका विभिन्न भागमा विषयगत शिक्षक र विशेषज्ञसँग छलफल र अन्तर्क्रिया गर्ने क्रममा आयोजना गरिएको सो गोष्ठीमा बोल्ने अधिकांश वक्ताले मानविकी संकायलगायत अन्य संकायमा पनि अनिवार्य नेपाली विषय समावेश गर्नुपर्ने धारणा राखेका थिए ।

समारोहलाई सम्बोधन गर्दै त्रि.वि.का उपकुलपति प्रा.डा. शर्माले छिमेकी चीन र भारत लगायत विश्वका विभिन्न देशमा विज्ञान विषयको अध्ययन अध्यापन उनीहरूको मातृभाषामा हुने गरेकाले विज्ञान र प्रविधिको क्षेत्रमा ती देशहरूले अपेक्षितरूपमा विकास हासिल गर्न सकेकाले नेपालमा पनि नेपाली भाषाको माध्यमबाट विज्ञान विषयको अध्ययन अध्यापनको व्यवस्था गर्न सके राम्रो हुने बताउनुभयो ।

कार्यक्रममा त्रि.वि.का रजिस्ट्रार डा. भीमराज अधिकारीले देशका सबै जात, क्षेत्र, लिङ्गलाई उपयोगी र रोचक हुने गरी अनिवार्य नेपाली विषयको पाठ्यक्रम तयार पार्नुपर्ने बताउनुभयो ।

गोष्ठीमा मानविकी तथा सामाजिकशास्त्र संकायका डीन प्रा.डा. नवराज कणेल, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक केशवकुमार श्रेष्ठ, पद्म कन्या क्याम्पसका प्रमुख इरेन श्रेष्ठ, नेपाली विषयका विद्वानहरू प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. व्रतराज आचार्य, प्रा.डा. बद्रीविशाल भट्टराई, प्रा. देवीप्रसाद गौमत, प्रा. लालनाथ सुवेदी, राजेन्द्र सुवेदी, जगदीशचन्द्र शर्मा र चेतनाथ गौतमलगायतले मन्तव्य राख्नुभएको थियो ।

# विभिन्न पदमा नियुक्ति

त्रिभुवन विश्वविद्यालयले विभिन्न पदहरूमा निम्नअनुसार नियुक्ति गरेको छ :

| नियुक्त हुनेको नाम | पद | क्याम्पस | नियुक्ति लागु मिति |
|---|---|---|---|
| डा. देवनारायण साह | कार्यकारी निर्देशक | बी.पी.कोइराला ला.नेत्र अ.क्.महाराजगञ्ज | २०६५।१२।२८ |
| प्रा.डा. योगन्द्रप्रसाद यादव | विभागीय प्रमुख | भाषा विज्ञान केन्द्रीय विभाग,कीर्तिपुर | अर्को व्यवस्था नभएसम्म |
| डा. शिशिर सुब्बा | „ | मनोविज्ञान केन्द्रीय विभाग,कीर्तिपुर | २०६६।२।१ |
| श्री नीलमकुमार शर्मा | सहायक डीन | मानविकी तथा सा.शा.संकाय,कीर्तिपुर | २०६५।१२।२४ |
| श्री कुलनर सिं श्रेष्ठ | „ | शिक्षाशास्त्र संकाय,कीर्तिपुर | २०६६।१।४ |
| डा. ताराकान्त पाण्डे | „ | मा.सा.शा.संकाय,कीर्तिपुर | २०६५।१२।२४ |
| डा. इन्दिरा जोशी | प्रमुख | अनुसन्धान महाशाखा,कीर्तिपुर | २०६५।१२।२४ |
| श्रीमती मथुरादेवी नेपाल | क्याम्पस प्रमुख | नर्सिङ्ग क्याम्पस,विराटनगर | २०६६।२।१ |
| श्री कृष्णराज अधिकारी | „ | पश्चिमान्चल क्याम्पस,पोखरा | २०६६।१।४ |
| श्री देउकुमार राउत | „ | पूर्वान्चल क्याम्पस,धरान | २०६५।८।११ |
| श्री राम खेलावन यादव | „ | सूर्यनारायण स.मो.या.ब.क्याम्पस,राजविराज | २०६५।८।१३ |
| श्री माधवप्रसाद खनाल | सहायक क्या.प्रमुख | सुर्खेत क्याम्पस,सुर्खेत | २०६६।१।२ |
| डा. अच्यूतशरण अर्याल | „ | पाटन संयुक्त क्याम्पस,पाटनढोका,ललितपुर | २०६५।११।२० |
| श्रीमती विणा वैद्य | सह लाईब्रेरियन | त्रि.वि.केन्द्रीय पुस्तकालय, कीर्तिपुर | २०६५।२।२२ |


| | | |
|---|---|---|
| **प्रकाशक** | : | सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६ |
| E-mail | : | tuinformation@yahoo.com |
| Website | : | www.tribhuvan-university.edu.np |
| **सम्पादक** | : | कृष्णा लाल क्षेत्री |
| **सहायक सम्पादक** | : | राजेश वज्राचार्य |
| **कम्प्युटर सेटिंग** | : | पद्मरत्न चित्रकार |
| **मुद्रक** | : | त्रि.वि. छापाखाना, कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१ |